सानीभेरी गाउँपालिका प्रकोप व्यवस्थापन कोष संचालन तथा खर्च सम्बन्धि कार्यविधि, २०७७

गाउँ कार्यपालिका बाट पारित मितिः २०७७।०१।१६

अध्यक्षबाट प्रमाणित मितिः २०७७।०१।१७

सानीभेरी गाउँपालिका विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को नियम २७ ले दिएको अधिकार प्रयोग गरी सानीभेरी गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि निर्माण गरी जारी गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम " सानीभेरी गाउँपालिका प्रकोप व्यवस्थापन कोष संचालन तथा खर्च सम्बन्धी कार्यविधि, २०७७ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले सानीभेरी गाउँपालिका विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले सानीभेरी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सानीभेरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले सानीभेरी गाउँपालिका रुकुम(पश्चिम) लाई सम्झनु पर्छ।

(ङ) "राहत" भन्नाले प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामाग्री समेत सम्झनु पर्छ।

(च) "समिति" भन्नाले सानीभेरी गाउँपालिका विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ को दफा ३ बमोजिमको समिति सम्झनु पर्छ।

(छ) "कोष" भन्नाले सानीभेरी गाउँपालिकाको स्थानीय तह प्रकोप व्यवस्थापन कोषलाई सम्झनु पर्छ।

३. **स्थानीय तह प्रकोप व्यवस्थापन कोषको स्थापनाः** (१) स्थानीय तह विपद् व्यवस्थापनको लागि एक स्थानीय तह प्रकोप व्यवस्थापन कोष रहने छ।

(२) उपनियम २ बमोजिम कोषमा देहायका रकमहरु जम्मा गरिनेछः-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकार वा स्थानीय सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ग) राष्ट्रिय वा अन्तरार्ष्टिय विकास साझेदार, राष्ट्रिय वा अन्तराष्ट्रिय गैरसरकारी संस्था, निजिक्षेत्रबाट प्रचलित कानून बमोजिम प्राप्त भएको रकम,

(घ) व्यावसायिक संघ संस्थाले आफ्नो व्यावसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गर्ने रकम,

नरबहादुर पुन
अध्यक्ष

(ङ) जिल्लाबाट प्रतिधित्व गर्ने संघीय संसदका सदस्य, प्रदेश सभा सदस्य, प्रदेश मन्त्रिपरिषदका सदस्य, सभासद, निजामति कर्मचारी, जंगी तथा प्रहरी कर्मचारीले प्रदान गरेको रकम,

(च) खण्ड(ङ) मा लेखिए बाहेक अन्य सरकारी तथा गैरसरकारी संस्था वा त्यस्था संस्थाका कर्मचारी, प्राध्यापक, क्षिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत संघ संस्था, राजनितिक दल, ट्रेड युनियन, नागरिक समाज, निजि क्षेत्र वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम,

(३) उपदफा (२) को खण्ड "ग" बमोजिमबाट प्राप्त हुने रकम लिनुपुर्व गाउँ विपद व्यवस्थापन समितिको सिफारिसमा प्रदेश सरकार मार्फत नेपाल सरकारको पुर्व स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस नियमावलीको नियम १० बमोजिमको कोषको नाममा रहेको खातामा सिधै जम्मा गर्न सक्ने

(५) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाले नाम र प्राप्त सहायता रकम सम्बन्धित मासिक विवरण अर्को महिना सार्वजनिक गर्नुपर्ने छ।

तर कुनै व्यक्ति वा संस्थाले आफ्नो नाम सार्वजनिक नगर्ने गरी सहायता उपलब्ध गराएको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण मात्र राखु पर्ने छ।

४. **बस्तुगत सहायता सामाग्री :** (१) कुनै व्यक्ति वा संस्थाबाट नगद बाहेकको बस्तुगत सहायता सामाग्री प्राप्त हुन आएमा प्राप्त हुन आएको उक्त सामाग्री विपद् व्यवस्थापन सम्बन्धि कार्यमा उपयोग हुने देखिएमा त्योस्तो बस्तुगत सहायता सामाग्रीलाई समितिले स्वीकार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त वस्तुगत सहायता सामाग्रीलाई अलग्गै मौज्दात किताबमा आम्दानी अभिलेख जनाई त्यस्तो सामाग्रीको प्रचलित मूल्यलाई कोषको आम्दानीको रुपमा समेत अभिलेख गरिनेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त वस्तुगत सहायता सामाग्री अस्वीकार गरिएको अवस्थामा बाहेक त्यस्तो सामाग्री उपलब्ध गराउने व्यक्ति वा संस्थालाई कार्यालयले सामाग्री प्राप्ति र स्वीकारोक्तिको भरपाई उपलब्ध गराउनु पर्नेछ।

(४) स्वीकार गरिएको सामाग्रीको विवरण तथा सो उपलब्ध राउने व्यक्ति वा संस्थाको नाम सम्बन्धि मासिक विवरण अर्को महाना सार्वजनिक गर्नुपपर्नेछ।

तर कुनै व्यक्ति वा संस्थाले आफ्नो नाम सार्वजनिक नगर्ने गरी वस्तुगत सहायता सामाग्री उपलब्ध गराएको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण मात्र सार्वजानिक गरिनेछ।

५. **कोषको प्रयोगः**(१) कोषमा जम्मा भएको रकम खर्च गर्न तथा विपद् व्यवस्थापनका लागि प्राप्त वस्तुगत सहायता सामग्री खर्च निकासा गर्न समितिले निर्णय गर्नुपर्नेछ ।

(२) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछः-

(क) विपदबाट प्रभावित भएको वा हुनसक्ने व्यक्ति वा समुदायको तत्काल खोजि, उद्दार तथा सम्पत्तिको संरक्षण गर्न,

नरबहादुर पुन
अध्यक्ष

(ख) विपद प्रभावितको तत्कालिन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ताकपडा, औषधि, सरसफाई तथा शैक्षिक सामग्री जस्ता वस्तुहरु खरिद गरी उपलब्ध गराउन तथा तत्सम्बन्धी अन्य आवश्यक कार्य गर्न,

(ग) विपद्को कारण स्थायी बसोवास स्थल गुमाएका व्यक्तिहरुका लागी अस्थायी शिविर वा आश्रयस्थल बनाउन तथा पुनस्थार्पना गर्न,

(घ) विपद्को कारणबाट घाइते वा विरामी भएका व्यक्तिको औषधोपचार गर्न

(ङ) विपद् प्रभावितलाई मनोविमर्श उपचार प्रदान गर्न,

(च) विपद्को कारणबाट मृत्यु भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि निजको परिवारलाई तोकिएको सहायता उपलब्ध गराउन,

(छ) विपद्को कारण सम्पत्तिको क्षति व्यहोर्नु परेको व्यक्तिलाई तोकिए बमोजिमको राहत उपलब्ध गराउन,

(ज) खोज, उद्दार तथा उपचारका सामग्रीहरु खरिद तथा भण्डार गर्न,

(झ) विपद्को कारणबाट भएको फोहोरमैला तथा प्रदूषणको विसर्जन गर्न,

(ञ) खोज, उद्दार र राहत कार्यको लागि तत्काल सञ्चार तथा यातायात सुचारु गर्न,

(ट) प्राकृतिक विपद्का घटनामा परी तत्काल उद्दार गर्नुपरेको अवस्थामा गाउँपालिका विपद् व्यवस्थापन समितिको निर्णयानुसार उद्दार कार्यका लागि प्रयोग हुने सामग्रीको खरिद र ढुवानी तथा अन्य खर्च गर्न ।

(ठ) विपद तथा प्रकोपको अवस्थामा खटिने सरकारी तथा गैरसरकारी संघ संस्थाका कर्मचारीलाई भ्रमण खर्च वा सुविधा उपलव्ध गराउन।

६. **राहत सहायता वितरण प्रभावितः**(१) व्यक्तिलाई राहत उपलब्ध गराउँदा कोषमा जम्मा भएको रकम र वस्तुगत सामाग्री मध्ये आवश्यकता र औचित्यका आधारमा दुवै वा कुनै एक मात्र पनि उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम राहत उपलब्ध गराउनुपूर्व कोषबाट राहत उपलब्ध गराईदिने सम्बन्धमा विपद् प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले विपद्को घटना र सोबाट आँफू वा आफ्नो परिवारका सदस्यलाई पर्न गएको हानी नोक्सानीको विवरण सहित गाउँपालिकामा निवेदन दर्ता गर्नुपर्नेछ ।

(३) उपदफा(२) बमोजिम निवेदन दर्ता गर्दा विपद्को घटना र सोबाट पर्न गएको हानी नोक्सानीको मूल्याङ्कन सहितको सर्जमिन मुचुल्का वा प्रतिवेदन समेत निवेदनसाथ संलग्न गरिएको हुनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम दर्ता भएको निवेदन र उपदफा (३) बमोजिमको संलग्न मुचुल्का वा प्रतिवेदन समेतका आधारमा विपद् प्रभावितलाई कोषबाट राहत रकम तथा सामाग्री उपलब्ध गराउँदा विपद्को सघनता र व्यापकता, कोषमा जम्मा भएको रकम तथा राहत सामाग्रीको उपलब्धता र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी समितिले उचित ठहर्याए बमोजिम हुनेछ ।

नरबहादुर पुन
अध्यक्ष

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद्को कारणले गम्भिर हानी नोक्सानी वा घाईते भई विपद् प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले राहतका लागि निवेदन दर्ता गर्न सक्ने अवस्था नरहेमा र तत्काल राहत उपलब्ध नगराउँदा विपद् प्रभावित व्यक्ति थप जोखिममा धकेलिन सक्ने वा थप जनधन र स्वास्थ्यमा हानी नोक्सानी पुग्न सक्ने अवस्था छ भन्ने समितिलाई लागेमा त्यस्तो व्यक्तिलाई समितिले निर्णय गरेर तत्काल राहत उपलब्ध गराउन सक्नेछ ।

(६) विपद् प्रभावित व्यक्तिलाई यस दफा बमोजिम राहत उपलब्ध गराउँदा महिला, बालबालिका, किशोर किशोरी, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ ।

७. **<u>कोषको प्रयोग नहुने:</u>** देहायको प्रयोजनको लागि कोषको रकम खर्च गर्न सकिने छैन ।

(क) संस्थागत आर्थिक सहयोग प्रदान गर्न,

(ख) प्रशासनिक कार्य संचालन गर्न ।

(ग) विपद् जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न गराउन ।

परिच्छेद — ३

कोषको सञ्चालन, लेखा तथ लेखा परिक्षण

८. **<u>कोषको व्यवस्थापन तथा संचालन:</u>**(१) कोषको रकम गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषको खातामा जम्मा हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कोषलाई प्राप्त वस्तुगत सहायता सामग्रीको निकासा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको विपद् व्यवस्थापन हेर्ने शाखाको प्रमुख कर्मचारी र जिन्सी शाखा प्रमुखबाट हुनेछ ।

९. **लेखा तथा लेखापरिक्षण :**(१) कोषको आम्दानी तथा खर्च स्थानीय सरकारले अपनाएको लेखा प्रणालि अनुसार हुनेछ ।

(२) कोषको आन्तरीक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखाबाट हुने वा सम्वन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयले गर्नेछ र अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ ।

(३) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गाउँपालिकाले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित तालुक निकाय समक्ष पेश गर्नुपर्नेछ ।

नरबहादुर पुन
अध्यक्ष

सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
नेपाल
२०७३

परिच्छेद -४

विविध

१०. कोषको रकम निकासा : (१) समितिले कोषको रकम दफा ५ बमोजिमको प्रयोजनका लागि खर्च गर्ने गरी गाउँपालिका विपद व्यवस्थापन समिति वा अन्य सरकारी निकायलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम उपलब्ध गराउँदा गाउँपालिकाले आवश्यक शर्त तोक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको रकम उपलब्ध गराउँदा समितिले विपद प्रकोपको सघनता र व्यापकता कोषमा उपलब्ध भएको रकम र खर्चको औचित्य समेतलाई दृष्टिगत गर्नु पर्नेछ।

(४) खर्चको लेखा तथा बिल भरपाई जुन प्रयोजनका लागि रकम प्राप्त गरेको हो सो प्रयोजना लागि मात्र छुट्टै श्रेस्ता खडा गरी प्रचलित कानून बमोजिम राखुपर्नेछ ।

(५) समितिले रकम निकासा गर्दा जुन प्रयोजनका लागि रकम निकासा गर्को हो सोहि प्रयोजनमा मात्र खर्च गर्नुपर्नेछ । खर्च नभई बाँकी रहेको रकम सोहि आर्थिक वर्षको अन्त सम्ममा कोषमा नै रहनेछ।

(६) स्थानीय सरकारको निर्णयबाट विपद व्यवस्थापन कोषबाट खर्च हुने भनि तोकिएको अवस्थामा सम्वन्धित विषयगत शाखा मार्फत दफा ५ बमोजिमको कार्यको लागि सशर्त बजेट उपलब्ध गराईनेछ ।

११. रकम फ्रिज नहुने तथा आवर्ति कोष (रिवल्विङ्ग फण्ड) को रुपमा रहने :(१) ऐनको दफा १२ को उपदफा(२) बमोजिम कोषमा जम्मा भएकोरकम मध्ये आशिंक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ ।

(२) प्रकोप व्यवस्थापन कोषलाई आवर्ति को (रिवल्विङ्ग फन्ड) को रुपमा सन्चालन गरिनेछ ।

स्पष्टिकरण: यस दफाको प्रयोजनका लागि आवर्ति कोष (रिवल्विङ्ग फन्ड) भन्नाले कोषबाट खर्च भएको नगद रकम वार्षिक रुपमा बजेट विनियोजन मार्फत पुन: पुर्ति गर्दै जाने गरी स्थापित कोषलाई सम्झनुपर्छ ।

१२. अभिलेख राख्ने :समितिले कोष परिचालन तथा खर्च सम्वन्धि गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख समितिको सदस्य सचिवको जिम्मामा रहनेछ ।

१३ **अनुगमन:**(१) यस कार्यविधि बमोजिमको कोष परिचालन तथा सोबाट भएका कामको नियमित तथा आकस्मिक अनुगमन विपद व्यवस्थापन समित र गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

१४. निर्देशन दिन सक्ने : गाउँ कार्यपालिकाले समितिको काम कारवाहिको सम्वन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

नरबहादुर पुन
अध्यक्ष

१५. ऐन, नियम र कार्यविधि बमोजिम हुने : यो कार्यविधिमा लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा उल्लेख नभएका विषयमा सानीभेरी गाउँपालिका विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५ र प्रचलित कानून बमोजिम हुनेछ ।

नरबहादुर पुन
अध्यक्ष

सानीभेरी गाउँपालिका प्रकोप व्यवस्थापन कोषबाट भएको खर्चको प्रगती तपसिल वमोजिमको ढाँचामा माग गर्ने

मासिक / चौमासिक/ अर्धबार्षिक/ बार्षिक

क) कार्यको विवरणः क्वारेन्टाइन सम्वन्धि

१. क्वारेन्टाइन स्थान र कोठा सम्वन्धि विवरण

क्र.सं.	क्वारेन्टाईन संचालन भएको स्थान	कोठा/बेड संख्या	नयाँ निर्माण भएको वा अन्य स्थान प्रयोग भए खुलाउने	संचालन भएको मिति	कैफियत

२. गैर प्राकृतिक विपद् (कोरोना भाइरस भन्ने महामारी) को कारण क्वारेन्टाइनमा सेवा प्राप्त गरेकाहरुको विवरण

क्र. सं.	सेवा प्राप्त व्यक्तिको नाम	महिला /पुरुष	ठेगाना			सेवा प्राप्त स्थान		क्वारेन्टाईनमा राख्नु पर्ने कारण	कैफियत
			गा.पा./न.पा.	वडा नं.	जिल्ला	प्रस्थान स्थान	पहुच स्थान		

३. खाना सम्बन्धि विवरण

क्र.सं.	प्रतिदिन समय	खाना/खाजा/अन्य	कैफियत

४. खर्च सम्बन्धि प्रगति

क्र.सं.	प्राप्त रकम रु.	प्रगती अवधि सम्म भएको खर्च रकम रु.	कैफियत

....

तयार गर्ने पेश गर्ने प्रमाणित गर्ने

नरबहादुर पुन
अध्यक्ष

सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
नेपाल
२०७३

ख) कार्यको विवरणःयातायात सम्बन्धि

१. यातायात सेवा प्राप्त विवरण

क्र.सं.	गाडी नं.	गाडी प्रकार	सेवा प्राप्त स्थान		मिति	सेवा प्राप्त संख्या			कैफियत
			प्रस्थान स्थान	पहुच स्थान		पुरुष	महिला	जम्मा	

२. यातायात सेवा लाभान्वितको विवरण

क्र.सं.	सेवा प्राप्त व्यक्तिको नाम	महिला /पुरुष	ठेगाना			सेवा प्राप्त स्थान		मिति	सवारी साधन विवरण(नं.र प्रकार)	कैफियत
			गापा /नपा	वडा नं.	जिल्ला	प्रस्थान स्थान	पहुच स्थान			

३. खर्च सम्बन्धि प्रगतिः

क्र.सं.	प्राप्त रकम	प्रगति अवधि सम्म भएको खर्च रकम रु.	कैफियत

....	....	....
तयार गर्ने	पेश गर्ने	प्रमाणित गर्ने

नरबहादुर पुन
अध्यक्ष

ग) कार्यको विवरणः खाना व्यवस्थापन सम्बन्धि

१. खाना राहत प्राप्त सम्बन्धि विवरण

क्र.सं.	सेवा प्राप्त व्यक्तिको नाम	महिला/पुरुष	ठेगाना			सेवा प्राप्त अवधि		जम्मा खाना खाएको	कैफियत
			गा.पा./न.पा.	वडा नं.	जिल्ला	मिति देखि	मिति सम्म		

२. खाद्यान्न राहत प्राप्त सम्बन्धि विवरण

क्र.सं.	सेवा प्राप्त व्यक्तिको नाम	महिला/पुरुष	ठेगाना			मिति	खाद्यान्नको विवरण		कैफियत
			गा.पा./न.पा.	वडा नं.	जिल्ला		खाद्यान्नको नाम	मात्रा	

३. खर्च सम्बन्धि प्रगति

क्र.सं.	प्राप्त रकम रु.	प्रगति अवधि सम्म भउको खर्च रकम रु.	कैफियत

....

तयार गर्ने पेश गर्ने प्रमाणित गर्ने

नरबहादुर पुन
अध्यक्ष

ङ.) गाउँपालिका प्रकोप व्यवस्थापन समिति

सम्बन्धित कार्यका लागि माथि उल्लेखित ढाँचा र गाउँपालिका प्रकोप व्यवस्थापन समितिबाट विपद सम्बन्धि गरेको कार्यको प्रगति प्रतिवेदन तोकिएको ढाँचामा पठाउने।

....

तयार गर्ने पेश गर्ने प्रमाणित गर्ने

घ) कार्यको विवरणः औषधी खरिद तथा उपचार सम्बन्धि कार्य

१. उपचार राहत प्राप्त सम्बन्धि विवरण

क.सं.	सेवा प्राप्त व्यक्तिको नाम	महिला/पुरुष	ठेगाना			सेवा प्राप्त अवधि		औषधी खर्च विवरण	कैफियत
			गा.पा./न.पा.	वडा नं.	जिल्ला	मिति देखि	मिति सम्म		

२. औषधि तथा उपचार खरिद सम्बन्धि विवरण

३. गाउँपालिका प्रकोप व्यवस्थापन समितिबाट भएका निर्णययहरु

४. खर्च सम्बन्धि प्रगति

क.सं.	प्राप्त रकम रु.	प्रगति अवधि सम्म भएको खर्च रकम रु.	कैफियत

....

तयार गर्ने पेश गर्ने प्रमाणित गर्ने

नरबहादुर पुन
अध्यक्ष